# सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीच भएको दोस्रो समझदारी पत्र

नेपालमा निरंकुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्रको स्थापनाका निम्ति आन्दोलन गरिरहेका सात राजनीतिक दलहरु र ने.क.पा. (माओवादी) बीच गत २०६२ मंसिर ७ गते लोकतन्त्र, शान्ति, समृद्धि अग्रगमन र राष्ट्रिय स्वाधिनताका ऐतिहासिक १२ बुँदे समझदारीपछि देशमा तीब्र बनेको देशव्यापी आन्दोलनको लहर र त्यसको परिणाम स्वरुप निरंकुश सत्ताद्वारा प्रायोजित गत माघ २६ गतेको नगरपालिकाको कथित निर्वाचन पूर्णरुपले असफल भएबाट सो समझदारी आम जनसमुदायबाट अनुमोदित भैसकेको कुरामा कुनै शंका रहन्न । साथै सो समझदारीप्रति अन्तराष्ट्रिय समुदायबाट समेत व्यक्त व्यापक समर्थनले त्यो नै देशमा जारी द्वन्द्वको समाधानको वास्तविक आधारशीला हो भन्ने स्पष्ट हुन्छ । यो स्थितिमा यो समझदारीको सबै पक्षबाट दृढतापूर्वक कार्यान्वयन गर्नका निम्ति पुनः दृढ प्रतिवद्धता व्यक्त गर्दछौं ।

यहाँ हामी पुनः स्मरण गराउन चाहन्छौं कि "आन्दोलनको शक्तिले संसद्को पुनर्स्थापना गर्न र त्यसको निर्णयले अधिकार सम्पन्न सर्वदलीय सरकार, माओवादीसंग वार्ता र सहमतिका आधारमा संविधान सभाको निर्वाचन गरी पूर्ण लोकतन्त्रको स्थापना गरेर देशमा विद्यमान द्वन्द्वको समाधान गर्न सकिन्छ र सार्वभौमसत्ता र राजकीयसत्ता पूर्णरुपले जनतामा स्थापित गर्न सकिन्छ भन्ने कुरामा आन्दोलनरत सात राजनीतिक दलहरु पूर्ण प्रतिवद्ध छन् । आन्दोलनरत लोकतान्त्रिक शक्तिहरुको राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने र त्यसको निर्णयले अन्तरिम सरकार बनाई संविधान सभाको निर्वाचन गरेर उल्लेखित लक्ष्य हासिल गर्न सकिन्छ भन्ने ने.क.पा. (माओवादी) को धारणा र प्रतिवद्धता रहेको छ । यो प्रक्रियागत कार्यसूचीको विषयमा आन्दोलनरत सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीचमा संवाद चलाउँदै जाने र साझा सहमतिको खोजी गर्ने समझदारी बनेको छ । उक्त लक्ष्य हासिल गर्न जनआन्दोलनको शक्ति नै एक मात्र विकल्प हो भन्ने कुरामा समझदारी भएको छ ।"

उक्त प्रक्रियागत आधारमा हुने संविधान सभाको निर्वाचन मार्फत देशको सार्वभौमसत्ता र राजकीय अधिकार पूर्णरुपले जनतामा रहने गरी पूर्ण लोकतन्त्रको स्थापना गर्नको निमित्त चालु शान्तिपूर्ण आन्दोलनको कार्यक्रमहरुमा सक्रिय रुपले सहभागी भएर सफल पार्न हामी सम्पूर्ण लोकतान्त्रिक राजनीतिक शक्तिहरु, नागरिक समाज, पेशागत समूह, जनवर्गीय संगठनहरु, उत्पीडित जाति र क्षेत्रका जनता, सञ्चारकर्मीहरु र आम जनसमुदायमा हार्दिक अपील गर्दछौं ।

त्यसरी नै नेपालमा निरंकुश राजतन्त्रको अन्त्य गरेर पूर्ण लोकतन्त्रको स्थापना गर्ने र विगत दश वर्षदेखि चल्दै आइरहेको सशस्त्र द्वन्द्वलाई अग्रगामी राजनीतिक निकासद्वारा हल गरेर देशमा शान्ति बहाली गर्ने राजनीतिक दलहरुको यो पहललाई हरतरहले साथ दिएर सहयोग गर्न हामी अन्तर्राष्ट्रिय समुदायलाई पनि विशेष अपील गर्दछौं ।

| | |
|---|---|
| ...................................... | ...................................... |
| (गिरिजाप्रसाद कोइराला) | (अमृतकुमार बोहरा) |
| सभापति | का.वा. सभापति |
| नेपाली कांग्रेस | ने.क.पा. (एमाले) |

This document was created using SmartPDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

.....................................
(शेरबहादुर देउवा)
सभापति
नेपाली कांग्रेस (प्रजातान्त्रिक)

.....................................
(लिलामणी पोखरेल)
अध्यक्ष
जनमोर्चा नेपाल

.....................................
(नारायणमान विजुक्छे)
अध्यक्ष
नेपाल मजदूर किसान पार्टी

.....................................
(राजेन्द्र महतो)
महामन्त्री
नेपाल सद्भावना पार्टी

.....................................
(नन्दकुमार प्रसाई)
अध्यक्ष
संयुक्त बाममोर्चा

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com